# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाण्डौ

मिति: २०७३/१२/१६ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

जिल्ला सप्तरी, लक्ष्मीपुर ३ भुतही स्थित श्री जनता राष्ट्रिय प्राथमिक विद्यालयले सरकारी रकम दुरूपयोग गरेको भन्ने उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान हुँदा श्री जनता राष्ट्रिय प्राथमिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष शुभनारायण यादव र प्रधानाध्यापक कमलेश कुमार यादवले आपसी मिलेमतोमा बदनियत साथ बिल (बिजक) र भरपाईहरू एकै व्यक्तिबाट लेखी लेख्न लगाई छाप समेत नलगाई बैंकमा रहेको विद्यालयको खाताबाट विद्यालयको सम्पत्ति रू.२,९७,५६२।- (दुई लाख सन्तान्नब्बे हजार पाँचसय बैसठ्ठी) हिनामिना, हानीनोक्सानी एवं मासी विद्यालयलाई हानीनोक्सानी पुऱ्याएको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गरेको पुष्टी हुन आएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम उक्त विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शुभनारायण यादव र प्रधानाध्यापक कमलेश कुमार यादवलाई जनही बिगो रू.२,९७,५६२।-(दुई लाख सन्तान्नब्बे हजार पाँचसय बैसठ्ठी) असुल उपर गर्न र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) र दफा ३ (१) को देहाय (घ) बमोजिम कैद र जरिवाना सजाय गर्न मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता